# विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१

विभुषण नियमावली,२०६५ को नियम ३४ ले दिएको अधिकार प्रयोग गरी विभुषण समितिले देहायका विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यस कार्यविधिको नाम **"विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१"** रहेको छ।

(२) यो कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ मा संशोधनः**- विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ ( यस पछि "मूल कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड" भनीएको) दफा ४ को खण्ड (च) र (ज) को सट्टा देहायको खण्ड (च) र (ज) राखिएको छः-

**"च. स्वास्थ्य एवम् चिकित्सा विज्ञान क्षेत्रः**

नागरिकको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, नागरिकको मानसिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य एवम् चिकित्सा विज्ञान लगायत समग्र स्वास्थ्य क्षेत्रभित्र रही विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्तिहरुलाई विभूषण सिफारिस गर्न सकिनेछ।

**ज. भाषा, साहित्य, कला र संस्कृति क्षेत्रः**

नेपालका राष्ट्र भाषा, लोपोन्मुख भाषा, लिपि, साहित्य, मूर्त तथा अमूर्त सम्पदा, कला एवम् संस्कृति क्षेत्रको संरक्षण र सम्बर्द्धनमा विशिष्ट योगदान पुऱ्याउने महानुभावलाई विभूषण **सिफारिस गर्न सकिनेछ।"**

३. **मूल कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्डको दफा ५ मा संशोधनः** मूल कार्यविधि एवम् सम्मानसम्बन्धी मापदण्डको दफा ५ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) दफा ५ को खण्ड (ग१), खण्ड (ग२) र खण्ड (ग.३) को सट्टा देहायको खण्ड (ग१), खण्ड (ग२) र खण्ड (ग.३) राखिएको छः-

**(ग.१) महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी)ः-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न अति विशिष्टतम् योगदान पुऱ्याउनु भएका पूर्व अति विशिष्ट पदाधिकारीहरु (राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष) लगायत अन्य अति विशिष्ट योगदान दिने महानुभावहरु मध्येबाट बढीमा २ (दुई) जनालाई महाउज्ज्वल राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ।

**(ग.२) उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी)ः-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्टतम् योगदान पुऱ्याउनु भएका उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, संघीय सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, प्रतिनिधि सभाका उप सभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, प्रदेश सरकारको मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका पदाधिकारी, नेपाल सरकारको मुख्य सचिव, सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार, संघीय संसदको महासचिव, प्रदेश सरकारको मन्त्री लगायत विशिष्टतम् योगदान पुऱ्याउनु भएका अन्य महानुभावमध्ये बढीमा २ (दुई) जनालाई उज्ज्वल कीर्तिमय राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ।

**(ग.३) सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणी):-** राष्ट्र, राष्ट्रियता तथा मुलुकको समग्र उत्थान र गरिमा उच्च राख्न विशिष्ट योगदान पुऱ्याउनु भएका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी, स्थानीय तहको प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष तथा सदस्य, नेपाल सरकारका प्रथम श्रेणी वा सो सरहका राष्ट्रसेवक कर्मचारी र सो सरहको मर्यादाक्रममा पर्ने तथा अन्य विशिष्ट महानुभावहरु मध्ये बढीमा ५ (पाँच) जनालाई सुकीर्तिमय राष्ट्रदीप मानपदवी प्रदान गर्न सकिनेछ ।

(२) दफा ५ को खण्ड ५.३ को खण्ड (ख) मा रहेका "कर्मचारी" भन्ने शब्दपछि "शिक्षक" भन्ने शब्द थपिएको छ।

**५.४.३.** सरकारी सेवाका विभिन्न निकायहरुमा कार्यरत राष्ट्रसेवकलाई विभूषण सिफारिस गर्दा देहाय बमोजिमको जनशक्तिको आधारमा कोटा निर्धारण गरिनेछ * यसरी निर्धारण गरिएको कोटाभित्र रही सिफारिस गर्दा दर्जागत समानुपातिकरुपमा मानपदवी, अलंकार, पदक खुलाई सिफारिस गर्नु पर्नेछ।

४. <u>**मूल कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्डको दफा ६ मा संशोधन**</u>: मूल कार्यविधि एवम् सम्मानसम्बन्धी मापदण्डको दफा ६ मा देहाय बमोजिम संशोधन गरिएको छ:-

(१) दफा ६ को खण्ड (अ) को उपखण्ड (क), (च), (छ),(ट), (ड) र (ढ) को सट्टा देहायका उपखण्ड (क), (च), (छ), (ट), (ड) र (ढ) राखिएका छन्:-

क. पूर्व राष्ट्रपति तथा उपराष्ट्रपति, प्रधानमन्त्री, प्रदेश प्रमुख, प्रधान न्यायाधीश, व्यवस्थापिका संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, उपसभामुख, नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीहरु, प्रदेश सरकारका मुख्य मन्त्री, सभामुखहरुका हकमा विभूषण समितिले,

च. प्रदेश सरकारसँग सम्बन्धित पदाधिकारी र कर्मचारी तथा प्रदेशभित्रका आम नागरिकको हकमा प्रदेश सरकारबाट देहायको संख्यामा सिफारिस गर्न सक्नेछः

१. प्रदेश सरकारका मन्त्री, राज्यमन्त्रीको हकमा बढीमा दुई जना प्रदेश मुख्यमन्त्रीले,

२. प्रदेश सभाका सदस्यहरुको हकमा कूल सदस्य संख्याको पाँच प्रतिशतमा नबढ्ने गरी प्रदेश सभा सभामुखले,

३. प्रदेश भित्रका कर्मचारी (प्रदेश सभा तथा प्रदेश मन्त्रालय र मातहतका निकायका कर्मचारीहरु) को हकमा वढीमा पाँच जना प्रदेश प्रमुख सचिवले,

४. आम नागरिकको हकमा समावेशी हुनेगरी विभिन्न विधाका वढीमा दस जनासम्म सम्बन्धित प्रदेशको मुख्य मन्त्रीले ।

छ. स्थानीय तहसँग सम्बन्धित कुनै पदाधिकारी, * शिक्षक, कर्मचारी, तथा आम नागरिकले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण सहित सम्बन्धित स्थानीय तहले नेपाल सरकारको गृह मन्त्रालय समक्ष पठाउनु पर्नेछ र यसरी प्राप्त भएका विवरण समेतको आधारमा उपयुक्त व्यक्तिको नाम गृहमन्त्रीले सिफारिस समितिमा पठाउनु पर्नेछ।

* विभूषण समितिले आवश्यक देखेमा स्थानीय तहबाट सिफारिस भई आएका व्यक्तिहरुको सम्बन्धमा विवरण खोली थप पृष्ठपोषणको लागि सम्बन्धित प्रदेशमा पठाउन सक्नेछ। त्यसरी प्राप्त हुन आएमा सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो पृष्ठपोषण सहित विभूषण समितिको सचिवालयमा सात दिनभित्र पठाउनु पर्नेछ।

ट. नेपाल सरकारको कुनै मन्त्रालय तथा * सम्बद्ध निकायसँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयको सचिवले र सचिवको हकमा नेपाल सरकारका मुख्य सचिवले,

ड. नेपाली सेना तथा अन्य सुरक्षा निकायका प्रमुखहरुको हकमा सम्बन्धित मन्त्रालय वा कार्यालयको सचिवले तथा सुरक्षा निकायका राष्ट्रसेवकहरुको हकमा सम्बन्धित सुरक्षा निकायको प्रमुखले,

ढ. जिल्लामा उत्कृष्ट कार्य गरेका आम नागरिकको हकमा समावेशी हुनेगरी विभिंन्न विधाका वढीमा तीन जना र राष्ट्रसेवक कर्मचारीहरु मध्ये वढीमा दुई जनासम्म सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले,

**५. <u>दफा ६ को खण्ड (अ) को उपखण्ड (ढ) पछि देहायका उपखण्ड (ढ१), (ढ२) र (ढ३) थपिएका छन्:-</u>**

ढ१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत विश्वविद्यालय अनुदान आयोगको सिफारिसमा विश्वविद्यालयहरुमा उत्कृष्ट कार्य गर्ने अध्ययन, अध्यापन तथा अनुसन्धानमा संलग्न अध्यापहरु मध्येबाट चार जना तथा कर्मचारीमध्येबाट एक जनासम्म हुने गरी बढीमा पाँच जनासम्म

ढ२. विभूषण सिफारिसका लागि तोकिएको सिफारिस क्रमसंख्याभन्दा वढी सिफारिस भई आएमा त्यस्तो सिफारिसलाई समावेश गरिने छैन।

ढ३. विभूषणका लागि सिफारिस गर्दा स्वार्थ बाझिने गरी आफ्नो सिफारिस आफैले गर्न पाइने छैन । नेतृत्व गर्ने पदाधिकारी, निकायका प्रमुखका हकमा सिफारिस गर्दा आफूभन्दा माथिल्लो निकाय प्रमुख र संघसंस्थाबाट सिफारिस गर्नु पर्नेछ।

**६.** विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ मा ठाउँठाउँमा रहेका व्यक्ति तथा संस्था भन्ने शब्दहरुलाई रुपान्तरण गरी "व्यक्ति तथा महानुभाव" भन्ने शब्दहरु कायम गरिएको छ।

**<u>७. खारेजी तथा बचाउः</u>- (१)** विभूषण सिफारिस कार्यविधि तथा प्रदान सम्बन्धी मापदण्ड, २०७५ खारेज गरिएको **छ।**

(२) विभूषण सिफारिस कार्यविधि तथा प्रदान सम्बन्धी मापदण्ड, २०७५ बमोजिम भए गरेका कामकारवाही यसै कार्यविधि तथा मापदण्ड बमोजिम भए गरेको मानिनेछ।